मष्टा गाउँपालिका

(Masta Rural Municipality)

गाउँ कार्यपालिकाको कार्यालय, बझाङ्ग

(OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)

भातेखोला, बझाङ्ग

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.२०८०।०८१

च.नं. ११९

## साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक निजि क्षेत्र तथा गैर सरकारी संघ संस्थाको लागि आशय पत्र आह्वान सम्बन्धि सूचना

### प्रथम पटक प्रकाशित मिति २०८०/०४/२४

मष्टा गाउँपालिकाले कृषि तथा पशु विकासको क्षेत्रमा निजि क्षेत्र / गैर सरकारी संघ संस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले " साझेदारी कार्यक्रम सञ्चालन ऐन २०८०" कार्यान्वयनमा ल्याएको छ ।यसै कार्यविधिको अधिनमा रहि आर्थिक बर्ष २०८०/०८१ देखि सुरु हुने गरी बहु - बर्षिय कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका ईच्छुक निजी तथा गैर सरकारी क्षेत्रका व्यक्ति / संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध) दिन भित्र आशयपत्र पेश गर्न आह्वान गरिएको छ । यस सम्बन्धि विस्तृत विवरण गाउँपालिकाको वेवसाईट www.mastamun.gov.np बाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । योग्यता नपुगेका, आवश्यक विवरणहरु र कागजातहरु संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँपालिका जवाफ देही हुने छैन ।

<u>आशयपत्रका साथ संलगनहुनुपर्ने कागजातहरु</u>

१. आशय पत्र पेश सम्बन्धी निवेदन,
२. आशय पत्रको फारम,
३. संस्था दर्ता, नवीकरण, करचुक्ता, विगत (३) बर्ष देखिको लेखा परिक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमति पत्र लिनु पर्नेको हकमा)
४. स्थायी लेखा नम्बर ,
५. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यावस्था गर्न सक्ने प्रतिबद्धता पत्र,
६. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मवारी खुल्ने सम्झौता पत्रको सक्कल एक (१) प्रति,
७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि - एक(१) प्रति,
८. संस्था कालो सूचीमा नपरेको स्व- घोषणा पत्रको सक्कल - एक(१) प्रति,
९. व्यक्ति फर्म कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)
१०. विगत सात ७ बर्षको अवधिमा काम गरेका अनुभव र संस्थाको विवरण व्यक्तिगत आशयपत्र दाताको हकमा विगत ४ बर्षमा सम्पन्न गरेको समान पत्रको कामको विवरण
११. प्रस्तावित कार्यमा संलग्नु हुने प्रमुख जनशक्तिको वैंयक्तिक विवरण

पृथुराज जोशी

नि. प्रमुख प्रशासकीय अधिकृत